श्री ललितपुर जिल्ला अदालतबाट बार्ता द्वारा जिन्सीका सामानहरु लिलाम विक्री गर्ने बारेको

अत्यन्त जरुरी सुचना

**सूचना प्रकाशित मिति २०७३।१०।२३**

यस अदालतमा विभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतको जिन्सीमा आम्दानी वाँधीएका विभिन्न माल सामानहरु यस अदालतको मिति २०७३।९।३ को निर्णय अनुसार जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम गरीने भनि मिति २०७३।९।५ र मिति २०७३।१०।२ मा सूचना प्रकाशित गर्दा समेत निर्धारित समय भित्र कसैको पनी वोलपत्र दर्ता हुन नआएकोले उक्त जिन्सिका समानहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) को उप नियम १० र ऐ को नियम ९०(ख) को उप नियम (५) अनुसार कानूनले तोकेका विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ताद्वारा एकमुष्ट विक्री गरिने भएको हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिलामहुने सामानको विवरण :- यस अदालतको जिन्सिमा आम्दानी वाँधिएका विभिन्न सामानहरु ।

१. बार्ताद्वारा लिलाम हुने मिति :-२०७३ साल फाल्गुण १ गते आईतवार ।

(क) स्थान :- ललितपुर जिल्ला अदालत

(ख) मिति :- **२०७३।११।१** गते सार्वजनिक विदा परे सोको भोलि पल्ट वा अड्डा खुलेको दिन ।

(ग) समय :- दिउँसो ३ वजे देखि ५ वजे सम्म ।

२. बार्तामा सहभागि हुन चाहने व्यक्ती वा संस्थाले नेपाली नागरिकताको प्रमाण पत्र र संस्था भए कर चुक्ताको प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत राखी डाक लिलाम हुने दिनको अघिल्लो दिन निवेदन दस्तुर रु.१०।- तिरी कार्यालय समय सम्ममा यस अदालतको तहसिल शाखामा नाम दर्ता गराउनु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्तीहरु र फर्महरुले मात्र उपरोक्त मिति र समयमा सम्पन्न हुने लिलाममा सहभागि हुन पाउने छन् । निवेदन दर्ता गराई उक्त मिति र समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई बार्तामा सहभागी गराईने छैन ।

४. बार्ता द्वारा लिलाम हुने सम्पूर्ण सामानको एकमुष्ट डाक बोल्नु पर्ने छ । पृथक पृथक सामानको लागि पृथक पृथक डाक वोल्न पाईने छैन ।

५. बार्ता लिलाममा आफुले कवोल गरेको रकमको १० प्रतिशतले हुने रकम तत्कालै नगदै धरौटी राख्नु पर्ने छ । बार्ता लिलाम सम्पन्न हुँदा सवभन्दा वढी अंक कवुल गर्ने व्यक्ती वा फर्मको बाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरीने छ ।

६. डाक सकार गरी लिनेले ७ दिन भित्र वाँकी रकम दाखिला गरी रकम दाखिला गरेको ५ दिन भित्रमा सामान उठाई लैजानु पर्ने छ । ७ दिन भित्र वोल कवोल अंकको वाँकी रकम दाखिला नगरेमा धरौटी राखेको १०% रकम समेत कानून बमोजिम जफत हुनेछ ।

७. बार्तामा सवभन्दा वढी कबुल गरेको अंक यस अघि कायम भएको न्यूनतम मुल्याङ्कन **रु.१३,३६,४२२।-** भन्दा कम भएमा सो मुल्याङ्कन भन्दा के कती प्रतिशत सम्म कम अंकको वोल अंक स्वीकार गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

८. अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुने छ ।